स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404
तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०८०।०८१
सुचना नं. २२

मिति: २०८०।११।०४
ने.सं.: (११४४ सिल्लाथ्व,७ शुक्रबार)

## राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धी सूचना।

नेपाल सरकार गृह मन्त्रालयको च.नं. ६१३ र मिति २०८०।१०।२८ को पत्र र जिल्ला समन्वय समितिको कार्यालय, रुकुम पूर्वको च.नं. ९० र मिति २०८०।११।०२ गतेको पत्रानुसार यस गाउँपालिकाअन्तर्गतका वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू, सामुदायिक तथा संस्थागत विद्यालयहरू र सङ्घ-संस्थाहरूले मिति २०८० फागुन ६,७ र ८ गतेसम्म राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा यस गाउँपालिकाको **"राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम आयोजक समिति"** ले मिति २०८०।११।०४ गते गरेको निर्णय बमोजिम उक्त दिवसका अवसरमा उल्लेखित मितिसम्ममा देहायका कार्यक्रम गरी भव्यताका साथ मनाउनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८०।११।०४

समिर गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

**देहाय :**

१. गाउँपालिकाअन्तर्गतका सबै वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू, सामुदायिक तथा संस्थागत विद्यालयहरू र सङ्घ-संस्थाहरूले फागुन ६ गतेका दिन आ-आफ्नो कार्यालय परिसरमा सरसफाइ गर्ने,

२. गाउँपालिकाअन्तर्गतका सबै वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू, सामुदायिक तथा संस्थागत विद्यालयहरू र सङ्घ-संस्थाहरूले फागुन ७ गतेका दिन आ-आफ्नो कार्यालयमा राष्ट्रिय झण्डा फहराउनुका साथै दीप प्रज्ज्वलन कार्यक्रम गर्ने,

३. मिति २०८० फागुन ७ गतेका दिन गाउँपालिका मातहतका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूले आ-आफ्नो विद्यालयमा विभिन्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने,

४. मिति २०८० फागुन ६, ७ र ८ गतेका दिन स्वास्थ्य संस्थाले स्वास्थ्य बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै रक्तदान गर्न इच्छुक रक्तदाताहरूको विवरण तपसिलको ढाँचामा सङ्कलन गरेर मिति २०८० फागुन ८ गते दिनको ५:०० बजेसम्ममा यस गाउँपालिकाको कार्यालयको E-mail ठेगाना puthauttargangamun@gmail.com मा पठाउने।

**तपसिल :**

| क्र.सं. | नाम, थर | उमेर | ठेगाना/कार्यालय | रक्त समूह | सम्पर्क नं. | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |